Regd No: 77/1263/057/058 PAN No: 302275560

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

# स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
## Independent Power Producers' Association, Nepal

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

च. न. ९३२ (०८१/८२)

मितिः २०८१/१२/२८

९६६० / १२/२८

श्रीमान् अर्थसचिवज्यू,
नेपाल सरकार, अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ, नेपाल ।

**विषय : जलविद्युतमा लगाइएको गैरकानूनी वार्षिक शुल्क खारेज सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा ऊर्जा उत्पादक कम्पनीहरुले विद्युत ऐन, २०४९ को दफा ४ बमोजिम नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय, विद्युत विकास विभागबाट उत्पादन अनुमति प्राप्त गरी सोही ऐनका आधारमा आफ्ना काम कार्य अगाडि बढी बढाई देशको कुल जडित विद्युत क्षमता ३ हजार ५०० मेगावाट पुग्दा निजी क्षेत्रबाट मात्रै २ हजार ७०० मेगावाट विद्युत उत्पादन गरी राष्ट्रको विकास तथा समृद्धिमा अतुलनिय योगदान गर्दै आइरहेको व्यहोरा विदितै छ ।

यी विद्युत आयोजनाले संघिय कानून एवं नेपालको संविधानमा भएको व्यवस्था बमोजिम राज्यलाई तिर्नु बुझाउनु पर्ने कर, वार्षिक सेवा शुल्क, रोयल्टी एवं अन्य दै दस्तुर लगायतका सम्बन्धित स्थानीय निकायलाई समेत बांडफांड हुने रकमहरु यथासमयमा सम्बन्धित निकाय (विद्युत विकास विभाग) मा तिर्ने बुझाउने कार्य गरी नै रहेका छन् ।

यस्तो अवस्थामा सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिका, रुपन्देहीको तिलोत्तमा नगरपालिका तथा रुरु क्षेत्र गाउँपालिकाले विगतका वर्षहरुमा विभिन्न शीर्षकमा कर माग गरी पत्राचार गरेकोमा हालैका दिनमा लमजुङको मर्स्याङ्दी गाउँपालिकालेसमेत विद्युत आयोजनालाई पत्राचार गरी वार्षिक शुल्क माग गर्ने कार्य गरेको भनी यस स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)का सदस्यहरुले यस कार्यलयमा निवेदन दिनु भएको छ ।

विद्युत ऐन, २०४९ को दफा ४ बमोजीम केन्द्रीय सरकारले तोकेको राजस्व खातामा जम्मा गर्ने गरिएकोले सो शुल्क दोहोरो रुपमा तिर्न बुझाउन नसकिने र माग गर्ने कार्य समेत कानुन बिपरित भएकोले सो कार्य तत्काल रोक्नको लागी आवश्यक पत्राचार गरिदिन हुनसमेत अनुरोध भै आएकोमा इप्पानमार्फत यस अघि २०८० चैत्र र २०८१ असारमा तहाँ पत्राचार गरिएको थियो । हाल पनि पालिकाहरुले दोहोऱ्याएर सोही प्रकृतिको पत्र जलविद्युत आयोजनाहरुलाई पठाइरहेको अवस्था छ । यस्तो कार्य तुरुन्त रोकी रोकाई ऊर्जामा लगानीको वातावरण कायम गरिदिनुहुन श्रीमान् सचिवज्यूसमक्ष अनुरोध गर्दछौं ।

तपसिलमा उल्लेख भएका संवैधानीक एवं कानूनी व्यवस्थाहरुले गाउँ तथा नगरपालिकाद्धारा उक्त पत्रानुसारको शुल्क माग गर्न नै नमिल्नेमा शुल्क माग गर्ने गरी जारी भएको पत्र गैर कानूनी भएको व्यहोरा अनुरोध गर्दै यस्ता गैर कानूनी काम कार्यहरु अगाडि बढेको अवस्थामा नेपालमा विद्युत उत्पादनका लागि भई रहेका लगानीहरुमा नकारात्मक प्रभाव पर्नुका साथ साथै नेपालको अन्तराष्ट्रिय छविमा समेत असर पर्न गई नेपालको जल विद्युत लगाएत समग्र लगानीको वातावरणमा नकारात्मक असर पार्ने हुँदा यस्ता गैर कानूनी काम कार्य तत्कालै रोकी पाउन आवश्यक पत्राचारको लागी सविनय अनुरोध गर्दछौं ।

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

Regd No: 77/1263/057/058 PAN No: 302275560

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

## तपसिल

१) नेपालको संविधानको धारा ५७ तथा उक्त संविधानको अनुसूचि ५, ६, ७, ८ एवं ९ मा स्पष्ट रुपमा तीन तहका सरकारहरुको आर्थिक, सामाजिक, कानूनी लगायतका सम्पूर्ण अधिकारको छुट्टा छुट्टै व्यवस्था गरेको अवस्था रहेको, स्थानीय सरकारहरुले साना जलविद्युत बाहेकका जलविद्युतका हकमा कुनै कानून बनाउन सक्ने भन्ने उल्लेख नै नभएको अवस्थामा नेपालको संविधानमा रहेको सवैधानिक व्यवस्थाको प्रत्यक्ष विपरित रहेको,

२) विद्युत ऐन, २०४९ को दफा ४ अनुसार अनुमती प्राप्त कम्पनीहरुले ऐ.ऐनको दफा ११ मा रहेको कानूनी व्यवस्थाका आधारमा जडित क्षमता तथा उत्पादन क्षमता वापत बार्षिक रुपमा छुट्टा छुट्टै रकम दाखिला गर्ने गरेको र उक्त रकम नेपालको संविधान तथा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्वन्ध) ऐन बमोजिम समन्यायिक हिसावले उपभोग गर्ने गरीएको,

३) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा ४ ले कानून तथा नीति बनाउँदा संघ, प्रदेश तथा स्थानीय तहहरुले एक सरकारको एकल अधिकारमा अतिक्रमण हुने गरी कुनै कानून तथा नीति बनाउन नहुने स्पष्ट व्यवस्था रहेको,

४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (घ) मा गाउँपालिका तथा नगरपालिकाले उठाउन पाउने कर तथा शुल्क सम्वन्धी व्यवस्था गरेकोमा सो व्यवस्थानुसार स्थानीय सरकारले विद्युत उत्पादकवाट शुल्क उठाउन पाउने सम्वन्धमा कुनै व्यवस्था नगरेको/नरहेको ।

*दोहोरो कर माग भएका विद्युत आयोजना र स्थानीय तहको विवरण यसै पत्रसाथ संलग्न गरिएको छ ।*

धन्यवाद ।

भवदीय,
गणेश कार्की
अध्यक्ष